# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हापुरे, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

**बबई गाउँपालिका क्षेत्रभित्रवाट नदिजन्य पदार्थ ढुंगा , गिट्टी र वालुवा निकासी कर असुल गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र/वोलपत्र आह्वानको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८।०५।२८

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को ६ मा भएको व्यवस्था, लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र बबइ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७८।०५।२२ को निर्णय वमोजिम तोकिए वमोजिमको दरमा देहायको क्षेत्रवाट छुट्टा छुट्टै ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले निर्धारित मापदण्ड तथा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा उल्लेखित नियम तथा सर्त वमोजिम यस बबई गाउँपालिकावाट आ.व. २०७८।०७९ को अवधीका लागी नदिजन्य पदार्थ ढुंगा , गिट्टी र वालुवा निकासी कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म , संस्था वा कम्पनीहरुले दरभाउपत्र र वोलपत्र खरिद गर्न ईच्छुक दाताले मु.अ.क. दर्ता प्रमाणपत्र , स्थायी लेखा नं. प्रमाणपत्र (PAN) र आ.व. २०७६।०७७ वा आ.व. २०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसील वमोजिमका शर्तको अधिनमा रही सिलवन्धि दरभाउपत्र र बोलपत्र खरिदगरी पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१. तल उल्लेखित ठेक्काहरुको छुट्टा छुट्टै सिलवन्धि दरभाउपत्र /वोलपत्र फाराम खरिद गरि छुट्टा छुट्टै पेश गर्नुपर्ने छ ।

२. सिलवन्दी दरभाउपत्रको हकमा १५ दिने यो सुचना प्रकाशित भएको मिति देखी १५ औं दिनको कार्यालय समयमा सिलवन्दी दरभाउपत्र खरिद गरि १६ औं दिनको १२:०० वजे भित्र सिलवन्दी दरभाउपत्र दाखिला गरि सक्नु पर्नेछ । सिलवन्दी बोलपत्रको हकमा ३० दिने यो सुचना प्रकाशित भएको मिति देखी ३० औं दिनको कार्यालय समयमा सिलवन्दी बोलपत्र खरिद गरि ३१ औं दिनको १२:०० वजे भित्र सिलवन्दी बोलपत्र दाखिला गरि सक्नु पर्नेछ । सिलवन्दी दरभाउपत्र/वोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरि वुझाई) सिलवन्दी दरभाउपत्र/वोलपत्र फाराम यस कार्यालयवाट प्राप्त गर्न सकिने छ । सिलवन्दी दरभाउपत्र १६ औं दिन र सिलवन्दी बोलपत्र ३१ औं दिनको २ वजे बबई गाउँपालिका , बबई गाउँकार्यपालिकाको कार्यालय, हापुरे दाङमा सिलवन्दी दरभाउपत्र/वोलपत्र खोलिने छ ।

३. सिलवन्दी दरभाउपत्र/वोलपत्र फारम साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम बबई गाउँपालिकाको नेपाल वंगलादेश वैंक लिमिटेड हापुरे दाङमा रहेको धरौटी खाता नं. ०६४०००००८४१ मा जम्मा गरेको सक्कल वैंक भौचर वा सुचनामा जारी भएको मितिले २० लाखभन्दा माथीको ठेक्काको लागी कम्तीमा १२० दिन र २० लाख घटीको ठेक्काको लागि ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको ग्यारेन्टी (विडवण्ड) पेश गर्नुपर्ने छ ।

४. सिलवन्दी दरभाउपत्र/वोलपत्र फारम खरिद एवं दाखीला गर्ने अन्तीम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमश अन्तीम दिन मानिने छ ।

५. दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र/वोलपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र र वोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र/वोलपत्र खोल्न वाधा पर्ने छैन ।

६. कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

७. कवोल गरेको रकम सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत भएपछि सम्झौता हुनु पुर्व सम्भव भए सम्म एकमुष्ट वुझाउनु पर्ने छ ।

८. रित नपुगी वा म्याद नाघी आएको सिलवन्दी दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. नियमानुसार लाग्ने सम्पुर्ण कर सिलवन्दी दरभाउपत्र/वोलपत्र दाताले सम्झौता हुनु पुर्व एकमुष्ट  वुझाउनु पर्ने छ ।

१०. प्राप्त सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

११. सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी हुने छैन ।

१२. सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित भए पश्चात तोकीएको समयमा सम्झौता गरि सक्नुपर्ने छ । तोकीएको समय भित्र सम्झौता गर्न नआएमा सिलवन्दी दरभाउपत्र/वोलपत्र दाताले राखेको धरौटी रकम फिर्ता हुने छैन ।

१३. यस कार्यालयको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको फारामलाई मान्यता दिईने छैन ।

१४. नदीजन्य पदार्थको उत्खनन , संकलन र ढुवानी गर्न खटिएका कार्यालयसंग सम्वन्धीत प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्ने छ ।

१५. रसिदहरु स्वीकृत सिलवन्दी दरभाउपत्र/वोलपत्र दाता आफैले छपाई कार्यालयको छाप र यसको कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र प्रयोगमा ल्याउनु पर्ने छ ।

१६. कार्यादेश लिएको मिति देखी मात्र ठेक्का चलान गर्न पाईने छ र साथै तोकिएको परिमाण संकलन भई नसके पनि ठेक्काको अवधी २०७९ जेठ मसान्त सम्म मात्र हुने छ ।

१७. सम्झौता गर्दा तल उल्लेखित सबै ठेक्काहरुमा कबोल अंकको थप मुल्य अभिवृद्दि कर (१३ प्रतिसत) र आय कर (१.५ प्रतिसत) आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१८. यस सुचनामा उल्लेख भएका कुरा यसै अनुसार र उल्लेख भएका कुराको हकमा प्रचलित कानुन वमोजिम हुने छ।
१९. यस सम्वन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हापुरे दाङवाट प्राप्त गर्न सकिनेछ।

तपशिल :

| सि.नं. | ठेक्का नं. | नदीजन्य पदार्थ उत्खनन क्षेत्र | नदीजन्य पदार्थ बिक्रि शुल्क दर ( प्रति घ.फि.) रु. | नदीजन्य पदार्थ उत्खनन परिमाण ( घ.फि.) | न्युनतम कवोल अंक ( **VAT**वाहेक) | दरभाउपत्र /वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | BRM/ REV/01/2078/079 | बहुलाखोला मठेउरा क्षेत्र वडा नं. ७ | १२।०० | ४३२६०८.७५ | ५१९१३०५. | ३०००. |
| २ | BRM /REV/02/2078/079 | बहुलाखोला दक्षिण रंगैचा क्षेत्र वडा नं. ६ | १२।०० | ५२९७२५ | ६३५६७००. | ३०००. |
| ३ | BRM /REV/03/2078/079 | बबई नदी वेलासपुर क्षेत्र वडा नं. ७ | १२।०० | २११८९० | २५४२६८०. | ३०००. |
| ४ | BRM/ REV/04/2078/079 | बबई नदी भ्फारगजेरी क्षेत्र वडा नं. ७ | १२।०० | ८४७५६ | १०१७०७२. | १०००. |
| ५ | BRM /REV/05/2078/079 | बबई नदी ओदाले क्षेत्र वडा नं. ७ | १२।०० | १२८८९९.७५ | १५४६७९७. | १०००. |
| ६ | BRM /REV/06/2078/079 | बबई नदी कालीतारा क्षेत्र वडा नं. ७ | १२।०० | २११८९० | २५४२६८०. | ३०००. |
| ७ | BRM /REV/07/2078/079 | बबई नदी मकैतरा क्षेत्र वडा नं. ५ | १२।०० | २८२५२० | ३३९०२४०. | ३०००. |
| ८ | BRM /REV/08/2078/079 | बबई नदी हुरुम क्षेत्र वडा नं. ५ | १२।०० | २४७२०५ | २९६६४६०. | ३०००. |
| ९ | BRM/ REV/09/2078/079 | बबई नदी जलुके क्षेत्र नं.१ वडा नं. ५ | १२।०० | २११८९० | २५४२६८०. | ३०००. |
| १० | BRM /REV/10/2078/079 | बबई नदी गंगटे क्षेत्र वडा नं. १ | १२।०० | १७६५७५ | २११८९००. | ३०००. |
| ११ | BRM /REV/11/2078/079 | च्याँटीखोला दक्षिण खिलतपुर वडा नं. ६ | १२।०० | १६१०३६.४ | १९३२४३६.८ | १०००. |
| १२ | BRM /REV/12/2078/079 | च्याँटीखोला सोनपुर क्षेत्र वडा नं. ५ | १२।०० | ८००९४४.२ | ९६११३३०.४ | ३०००. |

**प्रमुख प्रशासकीय अधिकृत**